# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रुपन्देही, ५ नं. प्रदेश, नेपाल

**सुचना नं.०५/०७३/०७४ (निर्माण)**

**प्रथम पटक प्रकाशित मिति २०७४।१।१५**

तिलोत्तमा नगरपालिका कार्यालयको आ.व. ०७३।०७४ को स्वीकृत कार्यक्रम अनुसार निम्नानुसारको निर्माण कार्य सिलबन्दी बोलपत्र वा e-bidding को माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहि रितपुर्वककाे सिलबन्दी बोलपत्र वा e-bidding को माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :-

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ निर्माण ब्यबसायीले ब्यबसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र संलग्न राखी तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, ५ नं. प्रदेश , नेपाल तथा www.bolpatra.gov.np बाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्न सकिनेछ। खरिद भएका बोलपत्र सम्बन्धी कागजात ३१ सौं दिन दिनको १२:०० बजे सम्म तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही ५ नं. प्रदेश नेपालको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही ५ नं. प्रदेश नेपालमा वा www.bolpatra.gov.np मा दर्ता गराउनु पर्नेछ।

२. उल्लेखित कार्यालयहरुबाट विक्री भएका बोलपत्र सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी दर्ता गर्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु अन्तिम दर्ता गर्नु पर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधीहरु र बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा तिलोत्तमा नगरपालिका कार्यालयको हाताभित्र खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

३. बोलपत्रदाताले प्राबिधिक तथा आर्थीक प्रस्ताव दुई अलग अलग खाममा राखी सिलबन्दि गरी प्रत्येक खाममा बाहिर कुन प्रस्ताव हो स्पष्ट रुपले उल्लेख गरी दुबै प्रस्तावलाई अर्को छुट्टै बाहिरी खाममा सिलबन्दि गरी बोलपत्र पेश गर्नुपर्ने छ।

४. बोलपत्र विक्री तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमाजिम हुनेछ।

५. सिलबन्दी बोलपत्र साथ बोलपत्र जमानत तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, ५ नं. प्रदेश , नेपालको नाममा कृषि बिकास बैंक भैरहवा शाखामा रहेको धरौटी खाता नं. ०४१४६०११४५१७८०१६ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै बाणिज्य बैंकबाट तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, ५ नं. प्रदेश , नेपालको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ। बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फाराम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ।

६. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ।

७. टर्नओभर, कार्यअनुभव, जनशक्ति, उपकरण एवं आर्थिक पक्षहरु बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भए अनुसार पेश गर्नु पर्ने छ। संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (लिड पार्टनर)को हिस्सा कम्तिमा ४०% तथा अन्य साझेदारहरुको हिस्सा कम्तिमा २५% हुनु पर्नेछ।

८. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमातिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही ५ नं. प्रदेश नेपाल फोन नं. ०७१-५६२९७९, ५६२६५२, ५६०२३० मा सम्पर्क गर्न सकिनेछ।

९. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बालपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

१०. म्याद नाघी आएको, रित नपुगेको र सशर्त पेश भएको बोलपत्रहरु मान्य हुने छैन।

११. बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरी कामको बारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ सार्थ प्रि-विड मिटिङ सुचना प्रकाशित भएको मितिले १६औ दिनका दिन तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही ५ नं. प्रदेश नेपालमा दिनको २:०० बजे हुनेछ।

१२. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, ५ नं. प्रदेश , नेपालमा निहित हुनेछ।

१३. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ .सशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ।

१४. यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np र तिलोत्तमा नगरपालिका कार्यालय को Website:www.tilottamamun.gov.np मा समेत उपलब्ध छ।

### तपसिल

| क्र. | ठे. नं. | बिवरण | औसत बार्षिक टर्नओभर (१० बर्षभित्रको उत्कृष्ट ३ बर्ष) | धरौटी रकम | बोलपत्र दस्तुर | उस्तै प्रकृतीको काम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १४/०७३/०७४ | डिंगरनगर चोकदेखि डाइभर टोल सम्म नाला सहितको बाटो निर्माण | ४,३५,८२,०००।- | ८,०२,०००।- | ५,०००।- | २,३४,००,०००।- | |

कार्यकारी अधिकृत